# राक्सिराङ्ग गाउँसभा
## सोह्रौं (बर्षे) अधिवेशन
## बैठक संख्या-१

**गाउँसभाको सोह्रौं (बर्षे) अधिवेशनको पहिलो बैठकमा प्रस्तुत "आगामी आर्थिक बर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रममाथि छलफल गरी पारित गर्ने" सम्वन्धी प्रस्ताव**

प्रस्ताव नं. :०१

मितिः २०८१/०३/१० गते सोमबार
ने.सं. ११४४ तछलागा ३, सोमवार
समय : बिहान ८:०० बजे

वर्तमान नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरेको र प्रत्येक तहका सरकारको आ-आफ्नै विधायिका, कार्यपालिका र न्यायपालिकाको स्पष्ट संवैधानिक व्यवस्था गरेको छ। सोही अनुरुप स्थानीय कार्यपालिकाले आफ्नो क्षेत्राधिकार भित्रका विषयमा नीति, कानून वनाउन सभालाई प्रस्ताव गर्ने र सभामा छलफल गरी पेश भएका नीति कानुन पारित गर्नुपर्ने हुन्छ ।

गाउँपालिकामा जनताद्वारा अनुमोदिन जनप्रतिनिधि सदस्य रहेको सर्वोच्च संस्थाको रुपमा गाउँसभामा आगामी आर्थिक वर्ष यस गाउँ कार्यपालिकाबाट सञ्चालन गरिने विकास निर्माण लगायतका कार्यक्रमहरुलाई मार्गदर्शन गर्न वार्षिक नीति तथा कार्यक्रम गाउँसभाबाट स्वीकृत गरी स्वीकृत नीति तथा कार्यक्रमका आधारमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्ने देखिएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार "गाउँपालिकाले जारी गर्ने कुनै नीति वा सोको संशोधन" गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरी गाउँसभामा पेश गर्नुपर्ने कानुनी व्यवस्था भएकोले यस राक्सिराङ्ग गाउँपालिकाको सोह्रौं अधिवेशनमा राक्सिराङ्ग गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम छलफल गरी स्वीकृत गर्न आवश्यक भएकोले आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रमलाई स्वीकृत गर्ने ।

नेपालको संविधान बमोजिम संघ प्रदेश र स्थानीय तहबीचको समन्वय, सहकार्य र सहअस्तित्व प्रबर्द्धन गरी जनसहभागिता पारदर्शीता सुनिश्चित गर्दै ,उत्तरदायित्व ,स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप गाउँपालिकाले यहाँबाट सम्पादन हुने, विकासात्मक, प्रबद्र्धनात्मक र नियमनकारी सेवा सुलभ ढङ्गबाट प्रवाह गर्दै सुदृढ सभ्य र विकासशील राक्सिराङ्ग निर्माण कार्यलाई आगामी बर्ष निरन्तरता दिईनेछ ।

उपलब्ध प्राकृतिकसाँस्कृतिक एवम पर्यटकीय स्रोतहरुको समुचित परिचालन तथा प्राप्त ,मानवीय , उपलब्धिहरुको समन्यायिक वितरण गरी कानुनी राज्य र दीगो विकासको अवधारणा स्थानीयकरण गर्ने , कार्यकारिणी र न्यायिक अधिकारहरुको सफल अभ्यास गर्दै यहाँको जनचाहना ,स्थानीय तहमा प्राप्त विधायिकी र आवश्यकतालाई अधिकतम सम्वोधन गर्दै**शिक्षा, स्वास्थ्य, कृषि, विद्युतपर्यावरण र पूर्वाधार राक्सिराङ्गको , विकासको आधार**भन्ने संकल्पको साथ बहुआयामिक विकासको महाअभियानलाई सार्थक तुल्याउने आधार बर्षको रुपमा आगामी आर्थिक बर्ष रहनेछ ।

## आर्थिक विकास :

१. स्थानीय हावापानी सुहाउँदो अन्न, तरकारी, फलफूल खेति, व्यवसायिक पशुपालन लाई प्रबर्द्धन गर्दै खाद्यान्नको उत्पादन वितरण र उपभोगमा ,स्थानीय कृषकको नियन्त्रण कायम गर्दै स्वावलम्वी ,सवल र सम्बृद्ध कृषि क्षेत्रको निर्माणका लागि गाउँपालिकामा **एक टोल एक उत्पादन कार्यक्रम**लाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

२. गाउँपालिकामा उत्पादित स्वास्थ्यबर्धक रैथाने खाद्य पदार्थको सट्टा बजारमा पाईने अखाद्य पत्रु खाना तथा पेय पदार्थ खपतको अवस्था विकराल बन्दै गैरहेकोले उक्त विकृति हटाउन **स्थानीय उत्पादन प्रबर्द्धन एवम आयातित पत्रु खाना विस्थापन कार्यक्रम** लाई निरन्तरता दीईनेछ ।

३. गाउँपालिकामा उत्पादन हुन सक्ने तुलनात्मक लाभका नगदे बालीहरु अदुवा ,कफि, अलैंची, ओखर, चिया, काजु, कुरीलो लगायतको उत्पादन सम्बन्धी कार्यक्रमलाई अझै प्रभावकारी र व्यापक बनाई यहाँको भिरालो खोरीयाहरुको अधिकतम उपयोग गरी **भूउपयोग नीति तथा तथा भुमी व्यवस्था योजना ,२०७८** र **खाद्य तथा पोषण सुरक्षा योजना ,२०७८** कार्यान्वयन गरीनेछ ।

४. **कृषि बाली एवम पशुपन्छि बीमा कार्यक्रम**लाई अझ प्रभावकारी र व्यापक बनाईनेछ । यसका लागि व्यवसायिक पशुपालन एवम खेतिपाति गर्ने कृषि तथा पशुपञ्छि फर्महरुलाई अनिवार्य पशु एवम बाली बीमा गर्न लगाईने छ ।

५. स्थानीय सहकारी संस्था कृषक समुह तथा अगुवा कृषकहरुको जागरुकतामा सञ्चालन भैरहेको ,हाटबजार लाई थप व्यवस्थित र विस्तार गरी उत्पादकहरुले अझै बढि लाभ प्राप्त गर्न उत्पादनको प्याकेजिङ्ग र भण्डारणमा सहायता प्रदान गरिनेछ ।

६. विभिन्न अनुसन्धानहरुबाट औषधीय गुणले युक्त भनि प्रमाणित भैसकेको बनस्पति गाँजाको व्यवस्थित खेतिलाई विश्वका कैयौं देशहरुले वैधानिकता दिईसकेको र यस गाउँपालिकाभित्र पनि ठूलो मात्रामा यसको व्यवसायिक खेति हुने सम्भावना भएकोले कपडातेल र अचार उत्पादन गर्न सकिने बहुउपयोगी यस ,औषधी , बनस्पतिको खेतिलाई बैधानिकता प्रदान गर्न विज्ञ एवम सरोकारवालाहरुको सहभागितामा**गाजाँ बहस तथा अनुसन्धान कार्यक्रम** सञ्चालन गरी यस विषयलाई राष्ट्रिय महत्वको विषयको रुपमा प्रदेश तथा संघीय सरकारसमक्ष आवश्यक पहल गरिनेछ ।

७. कृषि अनुसन्धानशिक्षा र प्रसार कार्यलाई थप प्रभावकारी बनाउन गाउँपालिकाभित्रका साविकका , गाविसहरुलाई लक्षित गरेर**चार वटा कृषि तथा पशु सेवा केन्द्र स्थापना** गरिनेछ । साथै गाउँपालिकाको माथिल्लो पहाडी भेगका खोल्सा किनारका जग्गाहरुमा ट्राउट माछा पालन सम्बन्धमा सम्भाव्यता अध्ययन गरिनेछ ।

८. गाउँपालिकाको विभिन्न भिरालो जमिनहरुमा प्रभावकारी खनजोत र प्राङ्गारिक मलको लागि गोरुपालन नै उत्तम विकल्प रहेको अवस्थामा गाउँघरमा गोरुपालनको चलन घट्दै गैरहेकोले **भिरालो बाँझो जमीनमा उत्पादनकिसानलाई हल गोरुपालनमा प्रोत्साहन ,** भन्ने नाराका साथद अति सिमान्तकृत तथा विपन्न दलित परिवारहरुको लागि **गोरुपालन प्रोत्साहन अनुदान कार्यक्रम** सञ्चालन गरिनेछ ।

९.	साथै गाउँपालिकाको दुर्गम वडाहरुलाई लक्षित गरि **घुम्ति पशु स्वास्थ्य शिविर** कार्यक्रमलाई सञ्चालन गरिनेछ । साथै गाउँपालिकाभित्र उपलब्ध पशु प्राविधिक जनशक्तिहरुको सूची तयार गरी पशु पञ्छिमा लाग्ने रोग तथा महामारीको समयमा द्रुत प्रतिकार्य गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१०.	गाउँपालिकाभित्र स्थापित निष्कृय सहकारी संस्थाहरुलाई सकृय बनाउनमर्ज गर्न र समग्र सहकारी , सँस्थाहरुको सक्षमता अभिवृद्धीको लागि**सहकारी जागरण कार्यक्रम**लाई अभियानकै रुपमा सञ्चालन गरी यहाँ स्थापित सहकारीहरुलाई जनताहरुको जीवनस्तर सुधार गर्दै उनीहरुको आर्थिक सामाजिक विकासमा गाउँपालिकाको साझेदारको रुपमा अघि बढाउन पहल गरिनेछ ।

११.	सर्वसाधारणहरुलाई वित्तिय सचेतना प्रदान गर्दै उनीहरुलाई वित्तिय संस्थामार्फत प्रवाह हुने सेवाहरुप्रति आकर्षित गराउन गाउँपालिकाभित्र क्रियाशील वित्तिय संस्थाहरु संगको समन्वयमा **वित्तिय साक्षरता** सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ ।

१२.	गाउँपालिकाभित्रका प्राकृतिक स्रोतहरुको उपयोग गर्दै स्थानीय सामुदायिक बन उपभोक्ता समूह सँगको साझेदारीमा फिसीङ्ग सुविधासहितको प्राकृतिक पोखरीस्नान कुण्ड , र रेस्टुरेण्ट स्थापना गरी पर्या पर्यटनको माध्यमबाट स्थानीय बासिन्दाहरुको आयस्तर वृद्धिमा जोड दिईनेछ ।

१३.	यहाँको पर्यटकीय गन्तव्यहरु ऐतिहासिक चमेरो गुफा तथा जलपरी झरना ,भिम्वुङ्ग डाँडा ,दुईजुग डाँडा , ,लाल पार्क लगायत क्षेत्रहरुको प्रचार प्रसार गरी बजारिकरण गरिनेछ । साथै उक्त स्थानहरुमा पदयात्रा मार्ग पौडि पोखरीहोमस्टे आदि पर्यटन पूर्वाधारहरुको विकासमा जोड दिईनेछ । ,

१४.	गाउँपालिकामा निर्माणाधीन चेपाङ संग्रहालय, कोशेलीघर निर्माण सम्पन्न गराई सो समुदायको पुरातात्विक महत्वका थप बस्तुहरुको संकलन एवम संरक्षण गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका प्राकृतिक, पुरातात्विक तथा साँस्कृतिक सम्पदाहरुलाई संघीय एवम् प्रदेश सरकारसँगको समन्वयमा संरक्षणात्मक, प्रवर्द्धनात्मक तथा विकासात्मक कार्यहरु गरिनेछ ।

१५.	चालु आवमा तर्जुमा भएको **स्थानीय रोजगार रणनीति** लागु गरि बेरोजगार जनशक्तिको पहिचान , सीप विकास विधी र संस्थागत ,अभिलेखन सुदृढिकरणको लागि आवश्यक कार्य आरम्भ गरिनेछ । साथै स्थानीय यूवाहरुलाई स्वदेश तथा विदेशमा रोजगारी प्राप्त गर्न बजारमुखी व्यवसायिक सीपमुलक तालिमहरु प्रदान गर्न **अध्यक्ष रोजगारी प्रवर्द्धन कार्यक्रम**लाई निरन्तरता दिईनेछ ।

१६.	प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउन प्रधानमन्त्री रोजगार योजनामा गाउँपालिकाको लागत सहभागीतामा श्रममुलक पूर्वाधार विकास कार्यमा सूचीकृत बेरोजगारहरुलाई रोजगारी प्रदान गरिनेछ ।

१७.	**परिवर्तन हाम्रो लक्ष्ययुवासँग उपाध्यक्ष ,श्रमसँग युवा ,** भन्ने नाराको साथ गाउँपालिकाभित्रका उर्जाशील युवाहरुलाई श्रममुलक सामाजिक कार्यमा लगाउन उपाध्यक्ष श्रम अभियान कार्यक्रम सञ्चालन गरिनेछ ।

## सामाजिक विकास

१८. गाउँपालिकाभित्र सञ्चालित अधिकतम विद्यालयहरुमा ईन्टरनेट विस्तार गरी सूचना र सञ्चार प्रविधि पूर्वाधार निर्माण गर्दै **राक्सिराङ्गको ईच्छा ,प्रविधिमैत्री गुणस्तरीय शिक्षा** भन्ने नारालाई सार्थक बनाईनेछ ।

१९. "शिक्षा नै विकासको मूल आधार" भन्ने मान्यताका साथ गाउँपालिकाको समग्र शैक्षिक क्षेत्रको उन्नयनको लागि **स्थानीय शिक्षा योजना** कार्यान्वयन कार्यलाई निरन्तरता दिईनेछ ।गाउँपालिकाभित्रका आधारभुत तहको शैक्षिक गुणस्तर सुधार गर्न आधारभुत तहको शैक्षिक सुदृढिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

२०. गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण विद्यालयहरुमा कक्षा एक देखि कक्षा तीन सम्मको विद्यार्थीहरुको गणितीय सीप र पठन सीपको विकास गर्न दातृ संस्थाको सहयोगमा **प्रारम्भिक कक्षा सिकाई )Early Grade Learning(** कार्यक्रम सञ्चालन गरिनेछ ।साथै छात्रावास सञ्चालित विद्यालयहरुमा **विद्यालय छात्रावास सहयोग कार्यक्रम** सञ्चालन गरी विद्यार्थीलाई थप सुविधा प्रदान गरिनेछ ।

२१. **वि व्य स को गरिमाविद्यालयको सिकाई वातावरण सुधारमा ,** भन्ने मान्यताको साथ विद्यालय व्यवस्थापन समितिका पदाधिकारीरुको क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ । साथै दश जोड दूई सञ्चालित विद्यालयमा **अनुदान शिक्षकको** व्यवस्था गरी दश जोड दूई कक्षालाई दीगो र गुणस्तरीय बनाईनेछ ।

२२. 'स्वास्थ्यका लागि खेलकुदयुवाका लागि खेल ,कुद' भन्ने मान्यताका साथ गाउँपालिकास्तरीय खेलकूद तथा युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकाभित्रका युवाहरुको चाहनालक्ष्य र विचार , संश्लेषण गरी उनिहरुमा राज्य र समाजप्रति सचेत र जिम्मेवार बनाउन**समुदायमा युवा सम्वाद** कार्यक्रम सञ्चालन गरिनेछ ।

२३. गाउँपालिकाभित्र बसोबास गर्ने विपन्न समुदायका ५ बर्षमुनिका बालबालिका तथा आमाहरुको पोषण सुधार गर्न **बाल स्वप्न परियोजना** सञ्चालन गरिनेछ ।

२४. राक्सिराङ्ग गाउँपालिकाभित्रको एकमात्र अस्पताल राक्सिराङ्ग आधारभुत अस्पतालको सेवा सुदृढिकरण गर्दै स्वास्थ्य वीमा कार्यक्रममा आबद्ध स्वास्थ्य संस्था बनाई गुणस्तरीय चिकित्सकीय सेवा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईनेछ ।

२५. गाउँपालिकाभित्र सञ्चालित स्वास्थ्य चौकिहरुमा आवधिक रुपमा **विशेषज्ञ चिकित्सक सेवा कार्यक्रम** सञ्चालन गरिनेछ । साथै स्वास्थ्य चौकिहरुमा मेडिकल ल्याव स्थापना एवम अल्ट्रा साउण्ड सेवाको कार्य अघि बढाउन आवश्यक पहल गरिनेछ ।

२६. **राक्सिराङ्ग गाउँपालिकाको आह्वान पोषणमैत्री सुशासन** भन्ने मान्यताका साथ पोषणमैत्री सुशासन कार्यक्रम लागु गरी शासकीय आयामहरुमा पोषणको पक्षमा वकालत गरिनेछ । साथै **क्षयरोग तथा एच आई भि संक्रमितहरुलाई पोषण सहायता** प्रदान गरिनेछ ।

२७. पूर्ण खोपको सुनिश्चितता जस्ता मानव स्वास्थ्यसँग प्रत्यक्ष जोडिएका विषयबस्तुहरुलाई सामुदायिक स्वास्थ्य कार्यक्रमहरु मार्फत अभियानको रुप दिई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।साथै परिवार नियोजन, प्रसुती सम्बन्धी सेवा, स्त्रीरोग सम्बन्धी स्वास्थ्य सेवाको विस्तार र स्वास्थ्य सेवामा नागरिकहरुको पहुँच विस्तार गर्ने तथा आकस्मिक अवस्थामा उपचारको व्यवस्था गरिनेछ ।

२८.	गाउँपालिकामा स्थापना भएको नवनिर्मित आयुर्वेद भवनबाट पञ्चकर्म तथा पूर्वकर्म सेवा विस्तार गरि नागरिक आरोग्य केन्द्रको रुपमा सेवा सञ्चालन गरिनेछ । जडिवुटि उत्पादन गरी आयुर्वेदिक औषधी उत्पादन गर्न औषधीय बनस्पतिहरु बृक्षारोपण तथा संरक्षण गरी जडिवुटी उद्यान स्थापना गरिनेछ ।

२९.	गाउँपालिकामा गठन भएको विभिन्न समुदायलक्षित समावेशी समितिहरुको सक्षमता बढाई गाउँपालिका क्षेत्र भित्र संचालन हुने युवाअपाङ्गता भएका व्यक्तिहरुको अधिकारको ,दलित ,आदिवासी जनजाति ,महिला , संरक्षण गर्दै उनीहरु लक्षित कार्यक्रमहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

३०.	ज्येष्ठ नागरिकहरुको अनुभवको आदानप्रदान गर्न तथा समाजमा वहाँहरुले पुर्याउनुभएको योगदानको कदर गर्नका लागि गाउँपालिकामा रहेका ज्येष्ठ नागरिकहरुलाई सम्मान कार्यक्रमलाई निरन्तरता दीईनेछ । साथै व्यवस्था परिवर्तन गर्दै लोकतन्त्र र सामाजिक न्यायको पक्षमा जीवन व्यतित गर्ने अग्रजहरुको सम्मान तथा सम्झनामा प्रतिष्ठान, स्मारकहरु स्थापना गरिनेछ ।

३१.	सबै किसिमको अपाङ्गता भएका व्यक्तिको परिवारलाई नि**शुल्क स्वास्थ्य बीमा कार्यक्रमः**मा आबद्द गरी अपाङ्गता भएका व्यक्तिहरुको सामाजिक संरक्षण गरिनेछ । एकल महिला, घरेलु हिंसा पीडित महिला र असहाय वालवालिका, जेष्ठ नागरिकहरुको सुरक्षा तथा संरक्षणको लागि संघ तथा प्रदेश सरकार तथा सहयोगी संघ संस्थासँगको साझेदारीमा पूनस्थापना केन्द्र, आश्रय केन्द्र, स्याहार केन्द्र स्थापनाको लागि पहल गरिनेछ ।

३२.	वालवालिकाको संरक्षण र हितको लागि वाल संरक्षणात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै, विद्यालयस्तरमा वाल क्लव गठन तथा परिचालन गर्दै वाल विवाह न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै गैर सरकारी संस्थाहरुसँगको साझेदारीमा महिला हिंसा, मानव वेचविखन तथा वाल श्रम नियन्त्रणका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

३३.	चेपाङ्ग परम्पराको जगेर्ना र प्रचार गर्न ,सँस्कृति ,साहित्य ,संगीत ,मगर भाषा ,तामाङ्ग ,गाउँपालिकामा विभिन्न साँस्कृतिक कार्यक्रम हरु आयोजना गरिनेछ । साथै यहाँ बसोबास गर्ने विभिन्न जातजातिसमुदाय , एवम् धर्मावलम्वीहरुको चाडपर्व हरुमा मौलिक परम्पराको प्रबर्द्धन गरिनेछ ।

## पूर्वाधार विकास

३४.	दीगो र बहुउपयोगी पूर्वाधार निर्माणमा जोड दिँदै निर्माणाधिन पूर्वाधारहरुको निर्माण सम्पन्न गर्ने र डिजाईन भैसकेका ठूला योजनाहरुलाई संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा सन्चालन गर्न पहल गरिनेछ ।

३५.	गाउँ कार्यपालिकाको केन्द्रीय प्रशासकीय भवन निर्माण कार्यलाई तीव्रता दिइनेछ । **वडा कार्यालय भवन**को निर्माण कार्य ठेक्का समयमै सम्पन्न गरी नवनिर्मीत वडा कार्यालय भवनबाट सेवा प्रवाह गर्न आवश्यक व्यवस्था गरिनेछ । गाउँपालिका क्षेत्रभित्रका सबै स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधारको विकास, सम्भार र सञ्चालनको उचित व्यवस्था मिलाइनेछ ।

३६.	गाउँपालिकाको वडा नंमा रहेको श्री ७ . सातकन्या आ,.वि. गर्लिङ्ग र श्री धिराङ्ग आ.वि., धिराङ्गमा सहयोगी गैर सरकारी संस्थाको सहयोगमा पक्कि विद्यालय भवन निर्माण गरिनेछ । कालिका मावीअठारेको ,

सिलिङ्गे लगा ,छात्रवास भवन निर्माण तथा श्री राष्ट्रिय माविियत विभिन्न विद्यालय भवन मर्मत सम्भार गरी सुरक्षित विद्यालय पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

३७. **स्थानीय खानेपानी तथा स्वच्छता योजना** कार्यान्वयन गरी खानेपानीको मुहान संरक्षणव्यवस्थित ठुला , खानेपानी आयोजनाहरु र सरसफाई सम्बन्धी कार्यक्रमहरु कार्यान्वयन गरिने छ। गाउँपालिकाभित्र खानेपानीको सुविधा पुग्न बाँकि वस्तिहरुमा गाउँपालिका तथा विभिन्न सहयोगी संस्थाहरुमार्फत खानेपानी योजनाहरु सम्पन्न गरिनेछ ।

३८. हाल सञ्चालनमा रहेका साना हिउँदे सडकअन्तर्गत स—साना खोल्साहरुमा साना मोटरेबल कल्भर्ट ब्रिज निर्माण गरिनेछ । विस्तृत परियोजना प्रतिवेदन तयार भएका पक्कि पुलहरु संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा वहुवर्षीय आयोजनाको रुपमा निर्माण कार्यरम्भ गरिनेछ । सञ्चालनमा रहेका विभिन्न झोलुङ्गे पुलको मर्मत सम्भार गर्ने र सम्भाव्य स्थानहरुमा थप झोलुङ्गे पुल निर्माण गरिनेछ ।

३९. गाउँपालिका भित्रका फराकिलो खेतीयोग्य जमिन रहेका टोलहरुमा कालीधाप साइटारहात्ती खोल्सा , चैनपुर लगायतका क्षेत्रहरुमा ठुला ,बिस्कुली टार सिंचाई आयोजनाहरु संचालन गरि कृषि पूर्वाधार निर्माण गरिनेछ।

४०. ग्रामीण विद्युतिकरण कार्यक्रमलाई निरन्तरता दिँदै गाउँपालिकाको दूर्गम वडाहरुमा नेपाल विद्युत प्राधिरकरणको प्रसारण लाईन विस्तार कार्यलाई पूर्णता दिईने छ । केन्द्रीय विद्युत लाइन जडान नभएका दुरदराजका वस्ती तथा टोलहरुमा लघु जलविद्युत आयोजना तथा सौर्य उर्जा प्रणाली कार्यान्वयन गरिनेछ । साथै गाउँपालिका भित्रका सम्पूर्ण वडाहरुमा काठेपोल विस्थापन कार्यलाई तीव्रता दिइनेछ।

४१. गाउँपालिकाको बजारोन्मुख बस्तिहरु, पलाँसे, चैनपुर, राक्सिराङ्ग, अठारे, चौकिटार र सिलिङ्गे मा व्यवस्थित वस्ति विकास र नक्सा पास सहितको पक्कि भवन निर्माण गर्न प्रोत्साहित गरिनेछ । भुमी व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गरी बसोबास तथा भुमीहीनहरुको समस्या समाधानको लागि पहल गरिनेछ ।

४२. गाउँपालिकाका दुर्गम भेगहरुबाट बसाईंसराई भई सुगम पालिकाहरुमा जाने प्रवृत्तिलाई निरुत्साहित गरि अन्यत्रबाट गाउँपालिका भित्र बसाई सरि आउन आकर्षित गर्न गत आ**सुन्दर समाज "** मा घोषणा गरिएको .ब. **,हाम्रो सार बसाईं सरि आउनेलाई घर उपहार"** कार्यक्रमलाई व्यवस्थित बनाई निरन्तरता दिईनेछ गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

४३. उच्च मूल्यका वनस्पति तथा जडिबुटी संरक्षण र उपयोगबाट आर्थिक आम्दानीको स्रोत वृद्धि गर्न योजनावद्ध रुपमा जडिबुटीजन्य वनस्पतिका वृक्षारोपणमा जोड दिइनेछ । निजी जमीनमा रहेको बनहरुमा बनजन्य नगदे बाली कुरीलो ,कफि ,अम्रीसो , अलैची लगायत लगाउन प्रोत्साहन गरिनेछ ।

४४. गाउँपालिकाको खाली क्षेत्रगुम्बा वरपर ,मन्दिर ,चर्च ,सार्वजनिक भवन/सरकारी ,बगर ,खोरीया , पर्यावरणीय महत्वका विभिन्न जातको रुख विरुवा हरू बृक्षारोपण र संरक्षण गर्दै हरित गाउँपालिका प्रबर्द्धन कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित बनाईनेछ ।

४५. **चौतारो संरक्षण कार्यक्रम** संचालन गरी गाउँपालिकाभित्र रहेका चौतारोहरुको संरक्षण गर्दै यसको ऐतिहासिकसाँस्कृतिक तथा पर्यावरणीय महत्वलाई थप उजागर गरिनेछ । स ,ाथै सुख्खा उच्च थलीहरुमा **रिचार्ज पोखरी** निर्माण गरी जलाधार एवम् बनस्पति संरक्षण कार्य अगाडि बढाईनेछ ।

४६. सडक निर्माणको कारणले हुन सक्ने भुक्षय नियन्त्रण गर्न विभिन्न सरकारीगैरसरकारी संस्थाहरुको / समन्वयमावायो इन्जिनियरिङका माध्यमबाट वातावरणमैत्री विकासलाई प्रवर्द्धन गरिनेछ

४७. सामुदायिक वनको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुको नियमन, व्यवस्थापन तथा क्षमता विकास गरी नयाँ र ठोस कार्ययोजना बनाउन सहजीकरण गर्ने र बन जंगल एव जंगली जीवजन्तुको संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४८. चालु आ.बमा तर्जुमा गरिएको गाउँपालिकाको स्थानीय विपद प्रतिकार्य योजना कार्यान्वयन गरी . गाउँपालिकबाट हुने गरेको विपद व्यवस्थापन तथा प्रतिकार्य कार्यलाई थप नियमित र व्यवस्थित बनाईनेछ । विपद् सम्भावित क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रहरुमा पूर्व सतर्कता र सजगता अपनाइनेछ । विपदमा परेकाहरुको तत्काल उद्धार गर्न विपद् दस्ता तयार गरी उद्धार गरिएका पीडितलाई आश्रय दिनको लागि प्रत्येक वडामा विपद् भवन व्यवस्थापनमा जोड दिइनेछ ।

## सुशासन तथा संस्थागत विकास

४९. गाउँपालिका गठन भएपश्चात स्थानीय तहलाई प्राप्त संवैधानिक अधिकारहरुको प्रयोग गरी तर्जुमा गरिएका विभिन्न नीति कानुनहरुलाई समयानुकुल संशोधन गरी कार्यान्वयन गरिनेछ ,नियम ,। कतिपय नीतिहरु कार्यान्वयन गर्न आवश्यकता अनुसार थप कानुनहरु निर्माण गरिनेछ ।

५०. **सेवा पाउने सबैको अधिकारघर घरमा स्थानीय सरकार ,** भन्ने नाराको साथ विभिन्न वडा एवम वस्तिहरुमा एकिकृत घुम्ती शिविर कार्यक्रमलाई निरन्तरता दिँदै गाउँपालिकाको अधिकतम सेवा स्थानीयको घरदैलोमै पुर्याई जनतालाई प्रत्यक्ष रुपमा सुशासनको अनुभुति दिलाईनेछ ।

५१. जनउत्तरदायी स्थानीय सरकारको अनुभूती गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तीय सुशासनलाई प्रवर्द्धन गरिनेछ । सूचना सम्प्रेषणको लागि सूचना प्रविधिको विकास तथा उपयोगबाट सर्वसाधारणको सूचनामा पहुँच सुनिश्चित गरिनेछ।

५२. गाउँपालिका र अन्तर्गतका कार्यालयहरुबाट प्रदान गरिने सेवा प्रवाह एवम सञ्चालित योजना तथा कार्यक्रमहरुको बारेमा यहाँका जनताहरुलाई सुसूचित हुन पाउने अधिकारको संरक्षण गर्दै सहभागितामुलक विकास र पारदर्शिता प्रवर्द्धन गर्न रेडियो सेट वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

५३. चालु आ बाट शुरुवात गरी लागु गरिएको .ब.गाउँपालिकाभित्रका सरकारी कार्यालय, विद्यालयहरु, स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजीरी जडान प्रकृयालाई थप विस्तार गरी कर्मचारीको स्व अनुशासन र प्रभावकारी सेवा प्रवाहमा जोड दिईनेछ ।

५४. गाउँपालिकाका निर्वाचित जनप्रतिनिधि तथा न्यायिक समिति र मेलमिलापकर्ताहरुको क्षमता अभिवृद्धि गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै वडाहरुमा सञ्चालित मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

५५. कर्मचारीहरु अन्यत्र सुगम स्थानमा सरुवा भई जाने र गाउँपालिकामा कर्मचारी अभाव हुने प्रबृत्ती न्यूनीकरण गरी कर्मचारीलाई उत्प्रेरणा दिई यस गाउँपालिकामा आकर्षित गर्न वडा कार्यालयमा आवास एवम लजिस्टिकको प्रबन्ध गरि कर्मचारीहरुलाई प्रोत्साहन सुविधा प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

५६. गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक एवं उपयोगी सेवाहरुलाई व्यवस्थित गर्दै विकासका ठोस कार्यक्रम मार्फत जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनमा रुपान्तरण गरिनेछ।

५७. गाउँपालिका र वडाबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी वनाउन जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरी समग्र कार्यालयको संस्थागत क्षमता विकासमा जोड दिइनेछ।